नेपाल राजपत्र
नेपाल सरकारद्धारा प्रकाशित
खण्ड ४९ काठमाडौं, साउन २४ गते २०५६ साल संख्या १७

भाग ३
नेपाल सरकार
स्थानीय विकास मन्त्रालयको सूचना
स्थानीय विकास कोष नियमावली २०५६

आर्थिक ऐनद्धारा सालबसाली रुपमा लगाईने स्थानीइ बिकास शुल्क सम्वन्धी कोषको व्यवस्थापन गर्न, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएका नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरुको नाम “स्थानीय विकास शुल्क कोष -पहिलो संशोधन) नियमावली, २०५८” रहेको छ ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा
(क) “कोष” भन्नाले नियम ३ बमोजिम स्थापना भएको स्थानीय विकास शुल्क कोष सम्झनु पर्दछ ।
(ख) “स्थानीय विकास शुल्क” भन्नाले सालबसाली आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको स्थानीय विकास शुल्क सम्झनु पर्छ ।
(ग) “समिति” भन्नाले नियम ६ बमोजिम गठन भएको कोष संचालक समिति सम्झनु पर्छ ।

**३. कोषको स्थापनाः**

(१) स्थानीय विकास शुल्क कोष नामको एक कोषको स्थापना गरिएको छ ।
(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् ।
  (क) नेपाल सरकारवाट प्राप्त हुने रकम,
  (ख) नियम ४ बमोजिम प्राप्त हुने रकम,
  (ग) अन्य कुनै श्रोतवाट प्राप्त हुने रकम ।

**४. कोषमा रकम जम्मा गर्ने :**

(१) नेपाल अधिराज्यका भन्सार कार्यालयहरुवाट सालबसाली आर्थिक ऐनबमोजिम लगाइने स्थानीय विकास शुल्क उठाई सो रकम कोषमा जम्मा गरिनेछ ।
(२) उपनियम (१) बमोजिम कोषमा रकम जम्मा गर्ने कर्तव्य स्थानीय विकास शुल्क उठाउने कार्यालय प्रमुखको हुनेछ ।

(३) नेपाल सरकारले तोके बमोजिमको रकम अर्थ मन्त्रालयले कोषमा अग्रीम रुपमा जम्मा गरिदिने छ। समितिले उक्त रकम कोषमा पनि सोधभर्ना गर्नु पर्ने छ।

(४) उपनियम (१) र (२) बमोजिम कोषमा रकम जम्मा गर्ने कार्यविधि समितिले तोके बमोजिम हुने छ।

**५ कोषको प्रयोग**

कोषमा जममा भएको रकम नगरपालिकाको कार्य सञ्चालन र नगरपालिकाद्धारा सञ्चालित बिकास निर्माण कार्यको लागि खर्च गर्ने गरी वितरण गरिनेछ।

**६ कोष सञ्चालन समिति**

(१) नियम ५ बमोजिम रकम विनियोजन गर्न तथा विनियोजित रकमवाट सञ्चालित कार्यको अनुगमन गर्नको लागि देहाय बमोजिमको संचालक समिति गठन हुने छ :

(क) सचिव, स्थानीय विकास मन्त्रालय – अध्याक्ष
(ख) प्रतिनिधि, (राजपत्रांकित प्रथम श्रेणी) अर्थ मन्त्रालय – सदस्य
(ग) महालेखा नियन्त्रक, महालेखा नियनत्रक कार्यालय – सदस्य
(घ) प्रतिनिधि, नेपाल नगरपालिका संघ – सदस्य
(ङ) स्थानीय विकास मन्त्रालयले तोकेको अधिकृत – सदस्य सचिव

(२) समितिले आफ्नो कार्यविधि आफै व्यवस्थीत गर्न सक्नेछ।

(३) समितिको अध्यक्ष तथा सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत अर्थ मन्त्रालको स्वीकृति लिई समितिले तोके दिए बमोजिमको बैठक भत्ता पाउने छन।

(४) समितिको कार्य संचालन गर्न र कोषको उपयोग सम्बनधमा अनुगमन गर्न आवश्यक पर्ने जनशक्ति र बजेट समितिले स्वीकृत गरे बमोजिम हुनेछ।

(५) उपनियम (४) को प्रयोजनको लागि समितिले स्वीकृत गर्ने बजेटको अधिकतम हद कोषको रकमको एक प्रतिशत भन्दा बढी हुनेछैन।

**७ कोषको व्यवस्था र संचालन**

(१) यस नियमावली बमोजिम कोषमा जम्मा हुने रकम समितिले तोकिदिएको बैंकमा खाता खोली जम्मा गरिदिनेछ।

(२) उपनियम (१) बमोजिम खोलिएको खाताको संचालन समितिले तोकेको कुनै पदाधिकारी र सदस्य सचिवको संयुक्त दस्तखतवाट हुनेछ।

(३) कोषमा जम्मा भएको रकम मध्येवाट समितिले तोके बमोजिमको रकम बचत गरी जगेडा कोषको रुपमा राख्न सकिनेछ। त्यस्तो रकम समितिले निर्णय गरी देहाय बमोजिमको कार्यको निमित्त खर्च गर्न सक्नेछ र त्यसरी खर्च भएको रकम यथाशिघ्र जगेडा कोषमा दाखिला गरी सोधभर्ना गर्नु पर्नेछ।

(क) नगरपालिाको लागतसहभागिताको आधारमा वुर्वाधार विकास तथा दीर्घकालिन आय अर्जन सम्बन्धि कार्यमा,
(ख) दैविप्रकोप वा अन्य आकस्मीक कार्यमा,
(ग) नगरपालिकाले नेपाल सरकार वा अन्य निकायलाई तिर्नु बुझाउनु पर्ने रकम तिर्ने कार्यमा।

**८ कोषको विवरण**

(१) कोषमा जम्मा भएको रकम समितिले निर्धारण गरेको मापदण्ड र प्रक्रियाको आधारमा वितरण गरिनेछ ।

(२) उपनियम (१) बमोजिम कोषको रकम वितरण गर्दा आर्थिक वर्ष २०५४/५५ मा सम्वन्धित नगरपालिकाले चुंगीकरवाट आर्जन गरेको आम्दानी भन्दा कम नहुने गरी वितरण गर्नु पर्नेछ ।

(३) यो नियम प्रारम्भ भएपछि नया गठन हुने नगरपालिकाको लागि समेत यस नियमावली कमोजिमको रकम उपलव्ध गराईनेछ । त्यसरी उपलव्ध गराईने रकम सवैभन्दा कम निकासा पाउने नगरपालिकाले प्राप्त गर्ने रकम भन्दा कम हुने छैन ।

**८ (क) स्थानीय विकास शुल्क रोक्का गर्न सक्ने**

नगरपालिकाले आर्थिक कारोवार संचालन गर्दा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावलि, २०५६ कमोजिम रीत नपुऱ्याई कार्य गरेको प्रर्याप्त आधार र प्रमाण भएमा समितिले स्थानीय विकास शुल्क रोकका गर्न सक्नेछ ।

तर नगरपालिकाले आफ्नो आर्थिक कारोवार संचालनमा सुधार ल्याई सोको जानकारी समितिलाई दिएमा रोक्का भएको रकम फुकुवा गरी निकासा दिन सकिनेछ ।

**९ परामर्श लिन सक्ने**

समितिले यस नियमावलि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका उपयुक्त संझेका व्उक्ति वा निकायसंग परामर्श लिन सक्नेछ ।

**१० लेखा र लेखापरिक्षण**

(१) कोषको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरिक्षण महालेखा परिक्षकको विभागवाट हुनेछ ।

**११ सहयोग गर्नु पर्ने**

समितिको कार्य सम्पमदनको सिलसिलामा सम्बन्धित सवै सरकारी कार्यलय तथा संथाहरुले समितिलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

**१२ नेपाल सरकारसंग संपर्क**

समितिले नेपाल सरकारसंग संपर्क राख्नु पर्दा स्थानीय विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

**१३ अधिकार प्रत्यायोजन**

समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये कहि अधिकार समितिको अध्यक्ष, सदस्य, सदस्य सचिव वा स्थानीय विकास मन्त्रालयका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आज्ञाले
उदयराज सोती
नेपाल सरकारको सचिव